# बृन्दावन नगरपालिका
# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

**"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगारः बृन्दावन नगरपालिकाको समृद्धिको आधार"**

बृन्दावन नगरपालिकाको नगर सभाको आठौँ अधिवेशनका सभा अध्यक्ष ज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, नगर सभा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, पूर्व नगर प्रमुख ज्यू, पूर्व नगर उप-प्रमुखज्यू, राजनितिक दलका प्रतिनिधिज्यूहरु, पूर्व वडा अध्यक्षज्यूहरु, पूर्व जनप्रतिनिधि ज्यूहरू, सुरक्षा निकायका प्रमुख ज्यूहरु, पत्रकार ज्यूहरु, नगरपालिकाका विषयगत शाखाका प्रमुखज्यूहरु, उपस्थित प्राधानाध्यापक ज्यूहरु, राष्ट्र सेवक कर्मचारीज्यूहरु तथा उपस्थित आदरणीय नगरबासी दाजुभाई तथा दिदिबहिनिहरु,

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिर्वतनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, मधेश आन्दोलन त्याग र बलिदानीको गौरवपूर्ण ईतिहासलाई स्मरण एवम् ज्ञातअज्ञात सहिदहरुलाई सम्मान गर्दै रौतहट जिल्लाको बृन्दावन नगरपालिकाको नगरसभाको आठौँ अधिवेशन र दोस्रो कार्यकालको तेस्रो ऐतिहासिक यस नगर सभामा सहभागी सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु।

बृन्दावन नगरपालिकाको नगर सभाको यस गरिमामय बैठकमा बृन्दावन नगरपालिकाको प्रमुखको हैसियतले अगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार सम्हालेको २ वर्ष पुरा भएको छ। यस अवधिमा नगरको विकास, समृद्धी र सुशासन कायम गर्ने दिशामा निकै महत्वपूर्ण कार्यहरूको थालनी गरिएको छ। यस कार्यमा नगरबासी तथा सरोकारवाला निकायहरूबाट भएको सहयोग, सहकार्य र समन्वयको लागि बृन्दावन नगरपालिका धन्यवाद ज्ञापन गर्दछ।

मुलतः स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त, दुरूस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिलासा हो। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरूको संस्थागत क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौँ। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरूपण, मानव अधिकार प्रवर्द्धन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरूको सहयोग, समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु।

गत आर्थिक वर्षमा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमका कतिपय नीति तथा कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिइएको छु।

म यस सम्मानित बैठकमा चालु आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. नगर कार्यपालिकाको शाखाहरूबाट हुने सेवा प्रवाहलाई व्यवस्थित गर्न क्षमता विकास गरिएको छ।

२. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विभिन्न वडाका वास्तविक लाभग्राहीहरूको पहिचान र कार्यसम्पन्नताका आधारमा भुक्तानी गर्ने व्यवस्था गरिएको छ।

३. यस वर्ष धेरै जसो उपभोक्ता समिति मार्फत योजनाहरू सम्झौता भई कार्य भई रहेको र अन्तिम चरणमा पुगेका छन्।

४. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरूका लागि डीप बोरिङ्बाट शुद्ध खानेपानी व्यवस्था यही २०८१ आषाढ महिना भित्रै सम्पन्नको चरणमा रहेका छन्।

५. वडा नं. ७ मा अवस्थित वर्थिङ्ग सेन्टरमा एम्बुलेन्स सेवा सहित तुरुन्तै सञ्चालनमा ल्याउने तयारी छ।

६. एम्बुलेन्स सेवालाई प्रवाभकारी बनाउन कार्यविधि निर्माण भएको छ।

७. २०७९ पौष देखि राजश्व लिने कार्य अनलाइन प्रणालीबाट बिलिङ् व्यवस्थित हुँदै गएको छ।

८. वडा ३ र ५ तथा वडा नं. ६ र ८ मा वडा कार्यालय भवन निर्माणको क्रममा रहेका छन्। ती वडा कार्यालय २०८१ असोज भित्रै चार वटै वडा कार्यालयहरू निर्माण सम्पन्न हुनेछन्। वडा नं. ८ मा ओभरहेड खानेपानी ट्यांकी तथा वडा कार्यालय भवन निर्माणका लागि आदरणीय समाजसेवी श्री सत्य नारायण सिंह मुल ज्यूबाट ०-४-०-० (चार कट्ठा) नि:शूल्क जग्गा प्रदान गर्नु भएको छ। त्यस्तै वडा नं. ५ को वडा कार्यालय भवन निर्माणका लागि आदरणीय व्यक्तित्व श्री संजोगिया देवी ठाकुर लोहार ज्यूले ०-४-१७ $^{१/२}$ मध्येबाट आवश्यक जग्गा नि:शूल्क जग्गा प्रदान गर्नु भएको छ। उहाँहरूलाई भूमीदान गर्ने दाताको रूपमा पुनः नमन तथा सम्मान प्रकट गर्न चाहन्छु।

९. सडक बत्तीहरूको नियमित मर्मत संभार गरी व्यवस्थित रूपमा नगर उज्यालो कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भई रहेको छ।

१०. हाई मास टावरलाइट चालु आ.व. मा ६ स्थानमा जडान गर्ने कार्य सम्पन्न भएको छ।

११. प्रशासकीय भवनको निर्माणको लागि तयार भएको DPR तथा गत वर्ष नै शिलान्यास भई सकेकोले विश्रामपुरको हालको कार्यालय परिसरको कतिपय जग्गा अतिक्रमण भएकोले वडा नं. २ का वडा अध्यक्षको संयोजकत्वमा तीन सदस्यीय सहजीकरण समिति गठन भई जग्गा खाली गर्ने क्रम शुरू भई सकेको छ। जग्गा खाली भई सकेपछि प्रशासकीय भवन निर्माणको प्रक्रिया अगाडि बढ्नेछ।

१२. वडा नं. १ को रमौली घाट बागमती नदीमा पक्की पुल निर्माणका लागि संघीय तथा प्रदेश मन्त्रालयमा पहल गरिएको छ।

१३. नगरपालिका भित्रका विभिन्न कच्ची सडकहरूको यस वर्ष चार किलो मिटर स्तरोन्नती भई सकेको छ भने तीन किलो मिटर स्तरोन्नतीको क्रममा रहेको छ।

१४. नगरपालिका भित्रका विभिन्न सडकहरूमा आर.सी.सी. तथा पि.सी.सी. ढलान कार्य करिब ५०० मिटर कार्य सम्पन्न भएको र करिब ५ किलो मिटर निर्माणाधीन अवस्थामा रहेको छ।

१५. श्री लक्ष्मीनाथ बासुदेव आधारभूत विद्यालयमा कम्पाउण्ड वाल, श्री बतहु मा.वि.को चार कोठे भवनको अधुरो कार्य र शौचालय निर्माण तथा मर्मत, श्री प्रा.वि. बलरीको भवनको अधुरो कार्य र शौचालय निर्माण कार्य निर्माणाधिन अवस्थामा रहेको छ।

१६. धर्म संस्कृति जगेर्नाका निम्ति यस वर्ष ६ वटा मन्दिहरूको निर्माण तथा अधुरो कार्य एवम् एउटा ईदगाहको अधुरो कार्य निर्माणाधिन अवस्थामा रहेको छ।

१७. विभिन्न विषय र क्षेत्रगत नियमावली तथा कार्यविधिहरू पारित गरी लागु गरिएको छ।

१८. स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) सम्पन्न गरी ४१ अंक प्राप्त भएको छ।

१९. जलवायु उत्थान योजना निर्माण गरी सरोकारवालाको सचेतना बढेको छ।

२०. जग्गा वर्गीकरणको कार्य विज्ञहरूको सहयोगमा सम्पन्न गरी सम्बन्धित निकायमा पठाइएको छ।

२१. भूमीहिन दलित, भूमीहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको प्रारम्भिक चरणको काम सम्पन्न गरिएको छ।

२२. स्वास्थ्य तर्फ खोप सेवा सञ्चालन, किशोरकिशोरी शिक्षा कार्यक्रम, उपचारात्मक सेवा, मासिक प्रगति प्रतिवेदन, LMIS त्रैमासिक प्रगति प्रतिवेदन, आमा समुहको बैठक तथा अभिमुखीकरण, पूर्ण खोप, आधारभूत तथा स्वास्थ्य संस्थाको स्थापना गरी सेवा निरन्तर गरिएको छ। यस वर्ष पूर्णखोप सुनिश्चितता पालिका २०८१ बैशाख १० गते घोषणा भएको छ।

२३. राष्ट्रिय परिचय पत्र बनाउने कार्यलाई नगरपालिका हाताभित्रै स्थापना गरी सर्वसुलभ रूपमा राष्ट्रिय परिचयपत्र बनाउने कार्यलाई सहज बनाइएको छ। वडा नं. १ देखि वडा नं. ७ सम्मका सेवाग्राहीहरूको घुम्ती शिविर मार्फत राष्ट्रिय परिचयपत्र बनाउने कार्य सम्पन्न गरिएको छ।

२४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता बैँकको प्रतिनिधि खटाई प्रत्येक वडामै बितरण गर्ने व्यवस्था निरन्तरता दिएको छ।

२५. बालपोषण भत्ता वितरणमा छिटोछरितो रूपमा प्राप्त गर्ने व्यवस्था गरिएको छ।

२६. लघुउद्यम कार्यक्रम तर्फ सिप विकास र विगतमा तालिम प्राप्त व्यक्तिलाई स्वरोजगारका लगि टेवा पुऱ्याइएको छ।

२७. रोजगार सेवा केन्द्रबाट बेरोजगार सूचीमा रहेका व्यक्तिहरूलाई वडा र नगरस्तरीय कार्यक्रममा सहभागिता गराई रोजगार प्रवर्द्धनमा जोड दिएको छ।

२८. कृषि शाखा मार्फत किसानमुखी कार्य अगाडि बढाइएको; जस अन्तर्गत मलखाद बितरण र ५०% अनुदानमा बिउ बितरण लगायतका अन्य कार्यहरूलाई निरन्तरता दिएको छ।

२९. प्लान्ट क्लिनिक उपचार शिविर मार्फत कृषकहरूलाई प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्थालाई सुदृढ गरिएको छ।

३०. पशु सेवा शाखा मार्फत कृत्रिम गर्भाधान सेवा, मेडिकल उपचार सेवा, गाइनोक्लोजिकल उपचार सेवा, गर्भ परिक्षण सेवा, पशु बन्ध्याकरण सेवा, माइनर सर्जिकल उपचार सेवा, प्रयोगशाला सेवा, थुनेलो तथा दुध परिक्षण, रेविज बिरुद्ध खोप र पशु बस्तु सम्बन्धी प्राविधिक सरसल्लाह उपलब्ध गराइएको छ।

३१. आधारभूत पशुपन्छी प्रयोगशाला स्थापनाको लागि कार्य प्रक्रिया अगाडि बढेको छ।

३२. कृषि एम्बुलेन्स तथा तरकारी, फलफुल, माछा मासु जन्य, दुध संकलन तथा चिस्यान केन्द्रका लागि सेड निर्माण कार्य शुरु भएको छ।

३३. हेफर प्रोजेक्टसँगको सहकार्यमा मुल समुह गठन गरी बिउ बोका र बिउ पाठी वितरण तथा गोठ निर्माण गरिएको छ।

३४. प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सहयोगमा स्थापित प्रयोगशालाबाट नियमित सेवा प्रवाह भई रहेको छ।

**चालु आ.ब. २०८०/०८१ को संसोधित आय र २०८१ आषाढ १ गते सम्मको खर्चको स्थिति**

| क्र.सं. | स्रोत | चालु वर्षको अनुमानित आय | चालु वर्षको संसोधित आय(हाल सम्मको निकाशा र प्राप्त) | खर्च (२०८१असार १ गते सम्मको) | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार समानीकरण अनुदान | ११ करोड ८२ लाख | ८ करोड ७५ लाख ९८ हजार | ४ करोड ५८ लाख ४४ हजार | |
| २ | संघीय सरकार राजश्व बाँडफाँड | ११ करोड २५ लाख ६६ हजार | ८ करोड ४३ लाख ३३ हजार | ६ करोड ७३ लाख ८८ हजार | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | संघीय सरकार सशर्त अनुदान(चालु) | २० करोड ३६ लाख | २० करोड ३० लाख ३६ हजार | ११करोड ४२ हजार | |
| ४ | संघीय सरकार सशर्त अनुदान (पुँजिगत) | २ करोड ४५ लाख | २ करोड ५ लाख | योजना भुक्तानीको प्रक्रियामा रहेको | |
| ५ | संघीय सरकार विशेष अनुदान | ७० लाख | ७० लाख | योजना संझौताको चरणमा रहेको | |
| ६ | संघीय सरकार समपुरक अनुदान | ५० लाख | ५० लाख | योजना संझौताको चरणमा रहेको | |
| ७ | प्रदेश सरकार समानीकरण अनुदान | ८५ लाख ८९ हजार | ८५ लाख ८९ हजार | ७५ लाख | |
| ८ | प्रदेश सरकार समपुरक अनुदान | २० लाख | २० लाख | योजना कार्यान्वयन चरणमा रहेको | |
| ९ | प्रदेश सरकार विशेष अनुदान | ३० लाख | ३० लाख | योजना कार्यान्वयन चरणमा रहेको | |
| १० | प्रदेश सरकार राजश्व बाँडफाँड | २० लाख | २० लाख | योजना कार्यान्वयन चरणमा रहेको | |
| ११ | गत आ.ब.को अल्या र भुक्तानी बाँकी रकम समेत | १५ करोड ५० लाख | १३ करोड ३० लाख ११ हजार | १२ करोड ६० लाख ८७ हजार | |
| १२ | आन्तरिक श्रोत (यस बर्षको आय) | ६ करोड २ लाख | १ करोड ६९ लाख ६ हजार | योजना तथा कार्यक्रमको भुक्तानीको चरणमा रहेको | |

**नगर सभा अध्यक्ष ज्यू तथा अन्य आदरणीय व्यक्तित्व ज्यूहरू,**

अब म यस सम्मानित नगर सभाको खुला सत्र आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

बृन्दावन नगरपालिकाको दूर दृष्टि- **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र रोजगार : बृन्दावन नगरपालिकाको समृद्धिको आधार"** ।

**विषयगत क्षेत्रहरु निम्न बमोजिम रहेका छन् ।**

- सामाजिक विकास क्षेत्र ।
- आर्थिक विकास क्षेत्र ।
- भौतिक पूर्वाधार विकास क्षेत्र ।
- वन,वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ।
- संस्थागत विकास,सेवा प्रवाह र सुशासन ।
- संघ, प्रदेश र विभिन्न निकायसँगका सहकार्य तथा लागत साझेदारीका क्षेत्रहरू

## सामाजिक विकास

**शिक्षा, यूवा तथा खेलकुद: (शिक्षामा सुधार : प्रगतिको आधार)**

१. सार्वजनिक शिक्षाको सबलीकरण गर्दै गुणस्तरीय प्रविधिमैत्री शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।

२. नगरभित्र साक्षरता अभियान सञ्चालन गरी साक्षर नगरपालिका घोषणाका लागि सामुदायिक अध्ययन केन्द्र र सामाजिक संस्थालाई परिचालन गरिनेछ । यसमा EACH ONE-TEACH ONE कार्यक्रम लागू गरिनेछ ।

३. नगरभित्रका बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि बालमैत्री वडा घोषणा गर्दै लगिनेछ ।

४. न्यून दरबन्दी रहेका विद्यालयहरुमा विद्यार्थी संख्या तथा विषयका आधारमा नगरपालिकाबाट विकास स्वयम् सेवक शिक्षकको व्यवस्था गरी पठनपाठनलाई सुदृढीकरण गरिनेछ ।

५. स्थानीय विषयमा पाठ्यक्रम निर्माण गरी लागु गर्ने नीति लिइएको छ ।

६. विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा ल्याउन टोल र समुदायमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. छात्राहरुलाई SEE पछि प्राविधिक शिक्षा तथा उच्च शिक्षाका लागि यस नगरपालिकाबाट उत्कृष्ट विद्यार्थीहरुलाई कार्यविधि बनाई विशेष प्रोत्साहन गरिनेछ ।

८. सामुदायिक विद्यालयको गुणस्तर बढाउनका लागि जनप्रतिनिधि, पूर्व शिक्षक एवम् शिक्षासेवीहरूलाई अनुगमनका लागि परिचालन गरिनेछ ।

९. बृन्दावन प्राविधिक शिक्षालयको पठनपाठनलाई विषय र क्षेत्रगत रुपमा विकास र विस्तार गर्दै लगिनेछ ।

१०. कक्षाकोठा, शौचालय, खानेपानी, घेराबार नभएका विद्यालयको भौतिक संरचना मर्मत गर्दै क्रमशःसुधार गर्दै लगिनेछ ।

११. सवै माध्यमिक विद्यालयहरुमा कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र पुस्तकालयको क्रमशः सुदृढीकरण गर्दै लगिनेछ ।

१२. हरित विद्यालयको अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१३. शिक्षकहरुको तहगत रूपमा क्षमता वृद्धिका लागि तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४. किशोरी शिक्षा कार्यक्रमबाट औपचारिक शिक्षा प्रणालीमा भर्ना हुन आएका किशोरीहरूलाई सिकाइमा निरन्तरताका लागि प्रोत्साहन सामग्री तथा कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१५. विद्यालयहरूको प्रभावकारिता बढाउन न्यून विद्यार्थी संख्या र विद्यालयको दूरी १ कि.मी. भन्दा कम भएको विद्यालयहरुलाई गाभ्न सरोकारवालासँग पहल गरिनेछ।

१६. मदरसा प्रकृतिका शिक्षालयहरूलाई मूलप्रवाहीकरण गर्न मुस्लिम समुदायमा जनचेतना अभिवृद्धि गरिनेछ र मूल प्रभावमा आएका मदरसालाई शैक्षिक सुविधा उपलब्ध गराइनेछ।

१७. बिगत देखि नै विद्युत महसुल बक्यौता रहेका सामुदायिक विद्यालयहरूले २०८१ आषाढ मसान्तसम्मको बक्यौता रकम चुक्ता गरी महसुल बक्यौता शुन्य राखेमा २०८१ श्रावण १ गते देखिको विद्युत महसुल यस नगरपालिकाले भुक्तानी गरी सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्युतको अभावमा गर्मीको समस्या झेल्नबाट बचाउन तथा विद्यालयमा अन्य विद्युतिय उपकरणहरू सञ्चालन सहयोग गर्ने नीति लिइनेछ। विद्युत सेवाबाट वञ्चित भएका विद्यालयहरूमा विद्युत लाइन जडानको व्यवस्था नगरपालिकाबाट गरिनेछ।

१८. अङ्ग्रेजी माध्यमबाट शिक्षण सिकाई गराउन पहल गर्ने विद्यालयलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग गर्ने निति लिइनेछ। र, यो कार्य यस वर्ष मा.वि. तह संचालित विद्यालयबाट सुरु गरिनेछ।

१९. अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गरी शिक्षामा पहुँच, सहयोगी सामग्रीको व्यवस्था र अपाङ्गताको किसिम अनुसारको शिक्षण सिकाई वातावरण सृजना गर्न जोड दिइनेछ।

२०. विद्यालयको हकभोग र स्वामित्वमा रहेका जग्गा, फलफुल बगैचा, माछापोखरी, बजार पसल कवल, सबै सम्पतिलाई नगरपालिकाको छातामुनी ल्याई एकद्वार प्रणालीबाट आन्तरिक आय ठेक्का बन्दोबस्त गर्ने, अतिक्रमण हटाउने तथा बिगतमा ठेक्का लागेर असुल गर्न बाँकी रकमलाई कडाई साथ असुल उपर गर्न कानूनी कारवाही गर्न अगाडि बढाइनेछ।

२१. यूवा तथा खेलकुद मन्त्रालय र नगरपालिकाको सहकार्यमा स्थानीय खेलकुद पूर्वाधार विकास कार्यक्रम एक पालिका एक खेल मैदान मार्फत स्थानीय यूवा खेलाडीहरूलाई खेलको विविधता अनुसार वृत्ति विकासका लागि सहयोग गरिनेछ।

२२. युवा क्लब तथा पालिकास्तरीय खेलसँघमा आवद्ध खेलाडीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२३. नगरपालिका भित्र सञ्चालित विद्यालयहरुमा रहेका बालविकास तर्फका शिक्षक, कार्यालय सहयोगी र विद्यालय कर्मचारीको तलब नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम रकम थप गरी व्यवस्थित गरिनेछ।

२४. सरकारी सेवालाई प्रोत्साहन गर्न विभिन्न तहका परीक्षार्थीहरूको लागि नगरपालिकाको लगानीमा लोक सेवा कक्षा सञ्चालन प्रतिस्पर्धात्मक क्षमता विकास गरिनेछ ।

२५. नगर भित्रका विद्यालयहरू स्तरीकरण गरी नमुना विद्यालयको रूपमा विकास गर्न प्रोत्साहित गरिनेछ । साथै अनुदान वितरणमा स्तरीकरणको अवस्थालाई आधार लिइनेछ ।

**स्वास्थ्य : (जनताको अधिकार : सर्वसुलभ स्वास्थ्य उपचार)**

बृन्दावन नगरपालिकाले नगरभित्रका नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु नियमित एवं व्यवस्थित रुपमा पुर्याई नागरिकको स्वास्थ्य अभिवृद्धि तथा प्रवर्धन गर्ने नीति लिइएको छ । नगरपालिकाले हाल सञ्चालनमा रहेको स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिदै नागरिक स्वास्थ्य सेवालाई प्रवर्धन गरी पँहुच अभिवृद्धि गर्न देहाय बमोजिम नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनेछः-

१. नगर प्रमुख स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बिश्रामपुर र वडा नं. ७ धमौराको वर्थिङ्ग सेन्टरमा समय समयमा विशेषज्ञ सेवा सहित शल्यक्रिया सहितको प्रसुति सेवा व्यवस्था गरिनेछ । घर घरमा गराउने प्रसुती प्रवृत्तिलाई रोकी वर्थिङ सेन्टर वा अस्पतालमा प्रसुती गराउने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

२. बृन्दावन नगरपालिकाको सबैलाई पायक पर्ने स्थान हर्षाहामा स्वीकृत १५ शैयाको आधारभूत अस्पताल निर्माण कार्य अगाडि बढाइनेछ ।

३. नगरस्तरीय अस्पतालको अवधारणा लिई प्रयोगशाला, ईमरजेन्सी सेवा, अल्ट्रासाउण्ड सेवा, डिजीटल एक्सरे, सर्पदंश र रेबिज भ्याक्सिन सेवा विस्तार गर्दै **हेल्थ सर्भिस हव** का रूपमा विकास गरिनेछ ।

४. स्वास्थ्य संस्थाहरुमा हाल सञ्चालनमा रहेका गर्भवती जांच तथा प्रसुति सेवा, खोप तथा गाउँघर क्लिनिक सेवा, ओ.पी.डी.सेवा र आमा समूह बैठक र अन्य राष्ट्रिय कार्यक्रमहरुलाई व्यवस्थित एवम् सबलीकरण गर्न जनप्रतिनिधि र सरोकारवालाको सक्रियता बढाइनेछ ।

५. सवै स्वास्थ्य संस्थामा आधारभूत स्वास्थ्य सेवाहरु सञ्चालन गरी सोको अनलाईन रिपोर्टिंगको व्यवस्था गरिनेछ । स्वास्थ्यकर्मीले कार्यालय समयको अन्त्यसम्म सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

६. जेष्ठ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन सहितको सुनौलो स्वेच्छिक अवकासको अवधारणालाई अवलम्बन गरिनेछ । साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई खोप, प्रसुति सेवा र अन्य स्वास्थ्य सेवाका लागि परिचालन गर्न थप प्रोत्साहित गरिनेछ ।

७. स्वास्थ्यकर्मीहरुलाई आवश्यक क्षमता विकास तालिमको व्यवस्था गरिनेछ । तालिम पश्चात सुधार कार्य योजना निर्माण गर्न लगाई कार्यान्वयनमा जोड दिइनेछ ।

८. स्वास्थ्य बिमा कार्यक्रमलाई स्थानीय नगरपालिकाबाट बिशेष प्राथमिकताका साथ व्यवस्थित गर्दै बिमा सहयोगीलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

९. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ लागु गरिनेछ। कुपोषण अन्य गर्न सन्तुलित आहार कार्यक्रमलाई टोल र समुदाय तहमा सचेतना जगाई नमुना पोषण प्याकेज कार्यक्रम विस्तार गरिनेछ।

१०. औलो, कालाजार तथा डेंगु रोग तथा हात्तीपाइले रोग नियन्त्रण गर्न आवश्यक जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुका साथै माथिल्लो निकायसँग समन्वय गरी निर्देशिका बमोजिम औषधी छर्कने कार्यक्रम र औषधी उपचार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११. प्रसव वेथाका कठिन प्रकृतिका गर्भवति महिला, सुत्केरी र अति विपन्न परिवारका सिकिस्त बिरामीलाई निःशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ।

१२. रेविज, सर्पदंश आदिको बारेमा प्रचार प्रसार तथा उपचारको व्यवस्था नगर अस्पतालमा नै गरिनेछ।

१३. मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सुरक्षित गर्भपतन सेवा कार्यक्रमलाई थप व्यवस्थित रूपले सञ्चालन गरिनेछ।

१४. नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु द्वारा अ.न.मी. हरूको क्षमता विकास गर्दै गर्भवती तथा सुत्केरी महिलाहरुलाई नियमित सेवा प्रदान गरी क्रमश: वडाहरुलाई पूर्ण ए. एन. सी. तथा घरमा शुन्य प्रसुती गराउने वडा तथा पालिका सुनिश्चित गरिनेछ।

१५. गर्भवती, सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषणबाट बचाउने उदेश्यले नियमित लेखाजोखा तथा पोषीलो आहार कार्यक्रम प्रवर्द्धन गरिनेछ।

१६. नगर भित्रका असहाय, विपन्न, क्यान्सर पिडित, मृगौला रोगी, मुटु रोगी जस्ता जटिल प्रकृतीका रोगीहरूलाई कार्यविधि बनाई आर्थिक सहायता वितरण गरिनेछ।

१७. एम्बुलेन्स सेवालाई प्रभावकारी, मितव्ययी र व्यवस्थित बनाउन एउटा एम्बुलेन्सलाई वडा नं. ३ विश्रामपुरको बर्थिङ् सेन्टर, अर्को एम्बुलेन्सलाई वडा नं. ७ धमौराको बर्थिङ् सेन्टर र बाँकी दुई वटा एम्बुलेन्सलाई नगर अस्पताल हर्षाहामा राखी सुचारू गरिनेछ।

**खानेपानी तथा सरसफाई: (स्वच्छ खानेपानी : सुखी जिन्दगानी)**

१. यस नगरभित्र बसोबास गर्ने सम्पूर्ण नागरिकहरुको लागि स्वच्छ खानेपानीको व्यवस्थापनका लागि प्रत्येक वडामा जल संरक्षण कार्यक्रम सञ्चालनमार्फत नगरक्षेत्रको पिउने पानीको दिगो समाधान गर्ने नीति लिइनेछ।

२. फोहर व्यवस्थापनका लागि वडा नं. १ मा डम्पिङ साइट निर्माण गर्न विभिन्न संस्थासँग सहकार्य गरिनेछ।

३. स्थानीयलाई फोहफरमैलाको वर्गीकरण, पुन:प्रयोग र प्रशोधन सम्बन्धि जनचेतना अभिवृद्धि गर्दै फोहर संकलन गर्न फरक फरक रङ्गको डस्टविनको व्यवस्था गरिनेछ।

४. सडक, पेटी, सार्वजनिक स्थल, पार्क, नदी, मन्दिर, नाला आदिमा फोहरमैला विसर्जन गर्न प्रतिबन्ध लगाइनेछ।

५. विभिन्न प्रदूषण नियन्त्रण, खुला क्षेत्रको पहिचान तथा संरक्षण, खोलानालाको नियमित सरसफाई, डुवानको समाधान तथा हरियाली प्रवद्धन गर्ने जस्ता पर्यावरणमैत्री कार्यक्रमहरू लागू गरिनेछ।

७. सबै नागरिकलाई आधारभूत खानेपानी सेवाको पहुँच पुऱ्याई गुणस्तरीय खानेपानी सेवा बिस्तार गर्दै लगिनेछ।

८. पुरानो, निर्माणाधीन र सञ्चालनमा समस्या रहेका खानेपानी आयोजनाको मर्मत र पुनर्स्थापना गरी व्यवस्थित तुल्याइनेछ।

**लैङ्गिक समानता तथा सामाजिक विकास:**

१. समान पहुच र नेतृत्व विकासका लागि महिलालाई अवसर सृजना हुने सीपमुलक कार्यक्रमा जोड दिइनेछ ।

२. बालबालिका तथा किशोर किशोरीलाई असल अभ्यासको अनुसरण गर्न तथा विकृती तथा विसँगतीबाट बचाउन चेतना मुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिइनेछ।

३. बालबालिकाहरूमा पोषण आहार, असल आनीबानी र अभिभावक बीचको सुमधुर सम्बन्ध विकास गर्न बाल संबेदनशील अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. नगर भित्रका विपन्न, दलित, भूमिहिन, मजदुरका छोरीलाई बीस वर्ष उमेर पुगेपछि बिवाह गरेमा कार्यविधि बनाई बिवाह खर्च उपलब्ध गराइनेछ।

५. सामाजिक विकृतिको रूपमा रहेको दाइजो प्रथालाई अन्त्य गर्न दाइजो नलिई विवाह गर्ने जोडी र उनीहरूका अभिभावकलाई नगरपालिकाले सामाजिक सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ। साथै नगरपालिकाको सेवासुविधामा त्यस्ता जोडीलाई प्राथमिकता दिइनेछ।

८. अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्ग सहायता साम्रगी तथा सीपमूलक तालिम दिई आत्म निर्भर बनाउन जोड दिइनेछ।

९. जोखिममा परेका बालबालिकाहरूका लागि तत्काल राहत उद्दार र संरक्षणका लागि बाल सुरक्षा कोषको व्यवस्था गरिनेछ।

१०. वडा कार्यालय तथा नगरपालिकाको कार्यालयमा बाल स्याहार केन्द्र तथा स्तनपान कक्षको व्यवस्था गर्न जोड दिइनेछ।

११. सामाजिक सुरक्षा भत्तालाई लाभग्राही सम्म सरल, सहज र पहुँच योग्य बनाउन जोड दिइनेछ।

१२. लैङ्गिक तथा घरेलु हिंसा पीडितहरुको लागि हिंसा निवारण कोषको स्थापना र सञ्चालन गरिनेछ। घरेलु हिंसा निरुत्साहित गर्न न्यायिक समिति र सामाजिक संस्थाहरूलाई सबलीकरण गरिनेछ।

१३. सरकारी, गैर सरकारी संघसंस्थाहरूसँगको सहकार्यमा लागु औषध दुर्व्यसन रोकथाम अभियान सञ्चालन गरी नगरलाई लागु औषध मुक्त क्षेत्र बनाउन पहल गरिनेछ।

१४. महिला सशक्तिकरण कार्यक्रमहरू मागमा आधारित बनाई महिलाहरूमा क्षमता विकास, नेतृत्व विकास तथा उत्पादन र उत्पादकत्वमा योगदान गर्न सक्ने अवसरको सृजना गरिनेछ।

१५. दलित समुदायले परम्परागत रुपमा गर्दै आएका पेशा व्यवसायलाई आधुनिकीकरण एवम् व्यावसायीकरण गर्न प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

## आर्थिक विकास

**कृषि र पशुपन्छी विकास:**

**कृषि : (संरक्षित कृषि बजार : किसानको जिवनमा बहार)**

१. कृषकलाई सहयोग पुऱ्याउन खेती योग्य जमिनमा नियमित कृषि सिँचाई गर्न कृषि विद्युतीकरणका साथ स्यालो ट्यूबेल, साना तथा मझौला सिँचाई कार्यक्रमहरूमा जोड दिइनेछ।

२. निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक प्रविधि सहित प्रतिस्पर्धी व्यावसायीकरण गर्न कृषकलाई प्रोत्साहित गरिनेछ। साथै उन्नत बिउ र प्रविधिमा जोड दिइनेछ।

३. "एक वडा एक उत्पादन" गर्न पकेट क्षेत्र निर्धारण गरी कृषियोग्य भूमि र बाली प्रवर्द्धनमा जोड दिइनेछ।

४. कृषकहरुको सीप अभिबृद्धि र प्रविधिमा पहुँच विस्तार गर्न सूचिकृत किसानहरूलाई प्रविधि प्रयोगमा अनुदान उपलब्ध गराइनेछ।

५. प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र स्थापना गर्न जोड दिइनेछ। कृषि उपज उत्पादन स्थलबाट संकलन केन्द्र र थोक बजारसम्म पहुँच बढाउन कृषि एम्बुलेन्सलाई प्रभावकारी रूपमा प्रयोगमा ल्याइनेछ।

६. नगर भित्र उत्पादित कृषि उत्पादनलाई कृषकको उत्पादन लागतलाई मध्यनजर गरी बजारसम्म पहुँच विस्तार गर्न कृषि सहकारी र कृषक समुहलाई जिम्मेवार बनाइनेछ।

७. कृषि उत्पादनसँग सम्बन्धित प्रसोधनमुलक साना तथा मझौला उद्योग स्थापनामा सहयोग गरिनेछ।

८. मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको वीउ, विभिन्न जातका फलफुल खेती, रैथाने बाली, प्लाष्टिक टनेल, ग्रीन हाउस, आधुनिक कृषि यन्त्र तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई कृषि सहकारी, समूह, फर्म तथा कृषकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

९. किसान परिचय पत्र कार्यक्रमलाई विशेष जोड दिई परिचय पत्रको आधारमा व्यवस्थित रुपमा कृषि पशु व्यवसाय गर्नेहरुको लागि व्यवसायिक योजनाका आधारमा सहुलियत ऋण वा अनुदान उपलब्ध गराउन बैँक तथा वित्तीय संस्थाहरुसगँ समन्वय गरी सहजीकरण गरिनेछ।

१०. कृषि विमा अभिमुखीकरण गरिनुको साथै विमा कार्यक्रमलाई विशेष जोड दिइनेछ।

११. माटो परीक्षण प्रयोगशाला स्थापना गरी समय समय घुम्ति शिविर सञ्चालन गरिनेछ।

१२. कृषि सेवालाई सरल र सहज रुपमा कृषकको घरदैलोमा पुऱ्याउने लागि आवश्यक कृषि प्राविधिकहरुको व्यवस्था गर्ने नीति लिईनेछ।

१३. नगरको उत्पादन नगर क्षेत्रमै उपभोगको नीति अवलम्बन गर्दै नगरबासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै खरिद गरी उपभोग गर्न प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४. कृषि विकासका लागि सम्भाव्यता अध्ययन तथा दिगो कृषि विकास रणनीति लागू गरिनेछ।

१५. कृषि योग्य जमिनमा कृषकको पहुच विस्तार गर्न कृषि सहकारी संस्था मार्फत करार खेती, सामुहिक खेती, कौसी खेती, चक्लाबन्दी खेतीलाई विशेष प्रोत्साहन गरिनेछ।

**पशु तथा मत्स्य विकास :**

१. कृषकलाई पशु आहारामा लाग्ने खर्च न्युनिकरण गर्ने उद्धेश्यका साथ पशु आहारा सेवा अन्तर्गत घाँसबाली, विउ वेर्ना, वर्षे तथा हिँउदे घाँसको वितरण गरी कृषक समक्ष पुऱ्याइनेछ।

२. पशुपंक्षीमा लाग्ने सरुवा तथा संक्रामक रोग जस्तै पि.पि.आर, खोरत, भ्यागुते, लम्पी स्किन रोग, बर्ड फ्लू र स्वाइन फ्लू जस्ता रोगहरु विरूद्ध कृषकको घरदैलोमा गई रोगको खोप सेवा सञ्चालनमा जोड दिइनेछ।

३. कृत्रिम गर्भधान प्रविधिलाई जोड दिदै यस नगरपालिकाको पशु प्राविधिकबाट कृषि गणना सेवा लिइएको कृषकको गाई वा भैसी व्याएको समयमा उक्त कृषकलाई नमुनाको रुपमा पशु सुत्केरी भत्ता वा सो समयमा आवश्यक रहने पौष्टिक पदार्थ स्वरुप औषधि उपलब्ध गराउने कार्यलाई नमुना रुपमा सञ्चालन गरिनेछ।

४. नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन गर्दै आएका कृषकहरुलाई मध्य नजर गर्दै आवश्यकता बमोजिम कृषि यान्त्रिकरणहरु च्यापकटर (कुट्टि काट्ने मेसिन), मिल्किङ् मेसिन,दुध संकलन क्यान आदि वस्तु ५०% अनुदानमा उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखिनेछ।

५. व्यवसायिक पशुपन्छी पालन कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । त्यस्ता कार्यक्रम सञ्चालन गर्ने कृषकलाई प्राविधिक सेवा निःशूल्क उपलब्ध गराइनेछ।

६. उपचार सेवा नपुगेको ठाउँहरुमा पशु स्वास्थ्य शिविर र बाँझोपन निवारण शिविरहरु सञ्चालन गरिनेछ।

७. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा उद्यमशिलता विकास कार्यक्रम हेफर प्रोजेक्ट र नगरपालिकाको साझेदारीमा रहेको कार्यक्रम थप अन्य वडाहरूमा विस्तार गर्दै लाने नीति लिइनेछ।

८. माछापालक कृषकलाई नमुना माछापालन तालिम तथा बजारीकरणका लागि प्रोत्साहित गरिनेछ।

९. बृन्दावन नगरपालिकालाई माछा ब्लकको रुपमा स्थापना गरिएकोले यसको विकास र क्षेत्र विस्तारमा जोड दिइनेछ।

१०. कृषकहरुको पशु स्वास्थ्यलाई मध्य नजर गरि पशुपंक्षीको रोग पहिचान गर्न BASIC LAB लाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११. पशु पन्छी पालक किसानलाई पशु बीमा गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

१२. छाडा पशु चौपायालाई नियन्त्रण गर्न कान्जी हाउसको व्यवस्था गर्ने स्थानको पहिचान गरी नमुनाका रूपमा एउटा कान्जी हाउस निर्माण तथा सञ्चालन गरिनेछ।

**रोजगार:**

१. बृन्दावन नगरपालिकाका युवाहरूको लागि रोजगार सृजना तथा नवीन उद्यशिलता विकास गर्ने बृन्दावन स्वरोजगार कार्यक्रमलाई स्टार्टअप र सहुलियत पूर्ण ऋण सहितको कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ।

२. न्युनतम रोजगारीको प्रत्याभुति हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन सामुदायिक आयोजनाहरूमा पालिकाको लागत साझेदारी गरिनेछ।

३. श्रम स्वीकृती तथा पुनःश्रम स्वीकृतीको आवेदनलाई सरल सुलभ तथा व्यवस्थित सहजिकरण सेवा प्रदान गर्न रोजगार सेवा केन्द्रलाई सुद्दढिकरण गरिनुका साथसाथै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई सहजीकरण गरिनेछ।

४. बैदेशिक रोजगारबाट फिर्ता आएका श्रमिकहरूको सीप, दक्षता, अनुभव र पुँजीलाई रोजगारी सृजनामा यूवा उद्यमीका रूपमा प्रोत्साहित गरिनेछ।

५. संघ तथा प्रदेशले ल्याईएको रोजगार मुलक कार्यक्रमलाई अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगार प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी तालिम प्रदान गरिनेछ। साथै सहुलियत तथा बिना धितो कर्जा प्रवाहमा सहजीकरण गरिनेछ।

७. आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न  निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्यमा जोड दिईनेछ।

८. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। साथै श्रम सम्बन्धलाई प्राथमिकतामा राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम,पर्यटन तथा वित्तिय क्षेत्रबाट थप रोजगारी सिर्जना गर्न आवश्यक पहल गरिनेछ।

**पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन** :

१. नगर क्षेत्र भित्रका ऐतिहासिक, धार्मिक, साँस्कृतिक महत्वका सम्पदाहरुको पहिचान गरी वैज्ञानिक अभिलेखिकरण गर्दै तिनीहरुको संरक्षण एवं जगेर्ना गर्ने नीति लिइनेछ।

२. नगर क्षेत्र भित्र पर्यटन प्रवर्द्धनका सम्भावनाहरूको अध्ययन गरी पर्यटन विकासलाई जोड दिईनेछ।

३. यस नगरपालिकामा रहेका ऐतिहासिक महत्व बोकेको जंग बहादुर राणाको मृत्यु भएको स्थल पथरघट्टा क्षेत्रको संरक्षण र विकास तथा सौन्दर्यता वृद्धि गर्न अघिल्ला वर्षहरु झै यस वर्ष पनि निरन्तरता दिइ आन्तरिक पर्यटकलाई आकर्षित गरिनेछ।

४. ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा संस्कृतिहरुको पहिचान, प्राचिन स्मारक, पुरातात्विक महत्वका विषयको उत्खनन् तथा अभिलेखीकरण गर्दै तिनीहरुको सर्वेक्षण, अनुसन्धान, सम्वर्द्धन, संरक्षणका लागि एकीकृत दीर्घकालीन गुरुयोजना निर्माण गरिनेछ।

५. सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने र अतिक्रमण निरुत्साहित गर्ने नीति लिइनेछ।

**उद्योग तथा वाणिज्य**

१. नगरभित्र रहेका लघु तथा घरेलु उद्योगहरुको पहिचान गरी उद्योगहरुको प्रवर्द्धन र विकासमा जोड दिइनेछ।

२. कृषि उत्पादनमा आधारित उद्योग स्थापना र सञ्चालनमा निजी क्षेत्र र सहकारीलाई सहकार्यात्मक वातावरण सृजना गरिनेछ।

३. नगर भित्र स्थापना हुने ठुला प्रकृतिका उद्योग स्थापनाको लागि आवश्यक सहजीकरण गरी प्रोत्साहित गर्ने नीति लिइनेछ।

**सहकारी र वित्तीय क्षेत्रको विकास:**

१. नगरपालिकामा सहकारी संस्था सम्बन्धी नीति, कानून र आवश्यकता अनुसार मापदण्ड तयारी गरी कार्यान्वयन र नियमन गर्ने नीति लिइनेछ।

२. सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्डको निर्माण तथा प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ।

३. नगरपालिकामा वहुउद्देश्यीय सहकारी संस्था बनाई बचत जम्मा गरेका बचतकर्ताको बचत रकम सुरक्षित गर्न तथा माग गरेको बखत फिर्ता गर्न सहकारीहरूलाई सुसूचित गरी जिम्मेवार बनाइनेछ।

४. अन्तरनगर वित्तीय सहायताबाट काम गर्ने र पूर्वाधार विकास बैँकबाट वित्तिय सहयोग लिइने नीति अवलम्बन गरिनेछ।

५. सहकारी संस्थाको अध्ययन अवलोकनका लागि अन्तरप्रदेशिय भ्रमण गराई सहकारी संस्थाको स्तरमा सुधार ल्याईनेछ।

६. गरिवी निवारण कोष अन्तर्गतका समूह र ती समूहमा रहेको कोषको व्यवस्थापन तथा सञ्चालनमा जिम्मेवार पक्षलाई नगरपालिकाबाट नियमन गरिनेछ।

७. सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास, व्यवस्थापन एवम् कोपोमिस तालीम सञ्चालनमा सहजीकरण गरी सहकारी संस्थाहरुलाई व्यवस्थित गरिनेछ।

## पूर्वाधार विकास क्षेत्र

**सडक पूर्वाधार तर्फको विकास निर्माण :**

१. आगामी आर्थिक वर्ष २०८१।०८२ मा प्रशासकीय भवन, १५ शैय्याको आधारभूत अस्पताल, पथरघट्टा पर्यटकीय स्थल निर्माण जस्ता आयोजनालाई विशेष प्राथमिकतामा राखिएको छ।

२. आयोजना बैँक स्थापना गरी प्राथमिकतायुक्त आयोजनालाई क्रमशः कार्यान्वयन गर्न नगरस्तरीय योजनामा समाविष्ट गरिनेछ।

३. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयहरुबाट राजमार्ग जोडिएका सडकहरु, वडा कार्यालयबाट नगरपालिका जोड्ने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्ने सडकहरु,धार्मिक तथा पर्यटकिय क्षेत्रको पहुँच सडकहरु, नयाँ तथा पुराना बस्ती जोड्ने अन्तर आधार सडक तथा पुल निर्माणलाई उच्च प्राथमिकतामा राखिनेछ।

४. नगरपालिकामा पक्की सडक, स्थानीय सडक, कृषि सडक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना बनाई कार्यान्वयन गरिनेछ।

५. नगरपालिकाबाट सञ्चालन हुने जटिल प्रकृतिका भवन निर्माण, कालोपत्रे सडक, पुल जस्ता कार्यहरू निर्माण व्यवसायीहरूबाट गराइने नीति अवलम्बन गरिनेछ।

६. बृन्दावन नगरपालिकाको रमौलीबाट बरहथवाको सहनी टोल जोड्ने पक्की पुल निर्माण सम्बन्धमा अध्ययन र सम्बन्धित निकायमा पहल गरिनेछ।

७. बजार तथा सहरी क्षेत्रको ढल निकास गर्न नालाहरू व्यवस्थापन गर्दै लगिनेछ।

८. **"एक वडा एक नमुना योजना"** निर्माण गर्न प्रत्येक वडालाई उपलब्ध गराईएको बजेट सिलिङ्गबाट कम्तिमा रु. २० लाख विनियोजन गरी योजना छनौट गर्ने अभ्यासको थालनी गर्ने नीति लिइनेछ।

९. नगरपालिकाबाट प्रदान गरिने सेवा लिन आउने नगरवासीलाई आवागमनमा सहज तुल्याउन विद्युतीय सवारीसाधनको व्यवस्था मिलाइनेछ।

**भवन तथा सहरी विकास:**

सडक, विद्यालय, स्वास्थ्य संस्था लगायतका आवश्यक विकास पूर्वाधारको नक्साङ्कन गरी सोका आधारमा बहुसंख्यक जनता लाभान्वित हुने गरी आयोजना छनौट र कार्यान्वयन गरिनेछ।

१. सार्वजनिक तथा निजि घर निर्माण गर्दा राष्ट्रिय भवन संहिता र मापदण्डलाई अनिवार्य रूपमा लागु गरिनेछ।

२. भवन आचार संहिता अनुसार नगर भित्र नयाँ घरहरू निर्माण गराईनुका साथै नयाँ नक्सा पास गर्दा **कम्तीमा ४ वटा विरुवा** रोपेको हुनुपर्ने र पक्की सडक उपलब्ध रहेको खण्डमा पक्की सडकको लेभेलबाट बढीमा ३ फिटसम्म मात्र (प्राविधिकको अनुमतीमा) प्लीन्थ लेभेल तोकेर नक्सा पास गरिनेछ।

३. नक्सापास प्रक्रियालाई सरल, सहज र पारदर्शीका साथै कागज रहित (Paper Less) बनाउन विद्युतीय भवन अनुमति प्रणाली (E-BPS) लाई समय सापेक्ष अद्यावधिक गरिनेछ।

४. नगरभित्र रहेका खरको छानो विस्थापित गरी सुरक्षित नागरिक आवास निर्माण गर्न जस्ता पाता र टायलको छाना छाउने व्यवस्था मिलाइनेछ।

५. नवनिर्मित वडा कार्यालयहरूको पूर्ण रूपमा फिनिसिङ गरी वडाबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाइनेछ।

६. नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी डीप बोरिंग सञ्चालनको लागि विद्युतीकरण तथा कृषि मिटर जडान कार्यलाई निरन्तरता दिइनेछ।

७. नगर क्षेत्रमा नगरपालिकाको पूर्व स्वीकृती बिना घर टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरूत्साहित गर्न कडाईका साथ लागू गरिनेछ।

**सूचना तथा सञ्चार :**

१. सबै प्रकारका सूचना माध्यममा नागरिकको पहुँच पुऱ्याउन सञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाइनेछ।

२. नागरिक तहमा सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर सचेतना र पैरवी गर्न विद्युतीय र छापा संचार माध्यमसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. नगरपालिका तथा वडा कार्यालयबाट सम्पादन गरिएका कार्यहरूको प्रगति विवरण आवधिक रूपमा प्रकाशन तथा प्रसारण गरिनेछ।

४. सम्पूर्ण वडा कार्यालयबाट सञ्चालनमा रहेको अनलाईन घटना दर्ता तथा अनलाइन बिलिङ् प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

५. अनलाईन योजना व्यवस्थापन प्रणाली सञ्चालन गरी योजना सञ्चालन, अनुगमन र कार्य सम्पन्न प्रतिवेदन लिइने  प्रणालीलाई व्यवस्थित गरिनेछ।

६. स्थानीय सरोकारका विषयहरु, जनचेतनामूलक संदेश, स्थानीय उद्यम तथा उत्पादन प्रवर्द्धन गर्ने जस्ता कुराहरुको प्रचार प्रसारमा योगदान पुर्याउने सञ्चारकर्मी तथा सञ्चार संस्थालाई प्रोत्साहित गरिनेछ।

७. नगरबाट प्रदान गरिने सेवालाई अनलाइन माध्यमबाट प्रवाह गर्न प्राथमिकता दिइनेछ । गुनासो तथा सुनुवाईहरू सम्बोधन गर्न तथा नगरको गतिविधिहरू अनुगमन गर्न गुनासो सम्बोधन डेक्सलाई प्रभावकारी बनाइनेछ।

**उर्जा तथा वैकल्पिक उर्जा विकास कार्यक्रम :**

१. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र वैकल्पिक उर्जाका विभिन्न स्रोतहरुको पहिचान गरी सुधारिएको चुलो, होम बायोग्यास, सोलार बत्ती, इन्डक्सन चुलो जस्ता प्रविधिको प्रयोगमा निरन्तर जोड दिईनेछ।

२. नगर भित्रका दलित, विपन्न, भूमिहिन मजदुरहरूलाई न्यूनतम ३० युनिट सम्मको विद्युतीय सेवा शुल्क वापतको रकम नगरपालिकाबाट भुक्तानी दिने व्यवस्था मिलाइनेछ।

## वन,वातावरण तथा  विपद् व्यवस्थापन

**वन तथा भू-संरक्षण : (सडकको छेउछाउ : बिरूवाले भरिभराउ)**

१. सार्वजनिक खाली जग्गा, नदी उकास क्षेत्रको पहिचान र संरक्षण गरी उक्त क्षेत्रको समुचित उपयोगबाट आयआर्जन गर्नुका साथै खोला बगर क्षेत्रलाई स्वच्छ सुन्दर बनाउन फलफुल तथा बोटबिरुवाहरू रोपी संरक्षणको व्यवस्था मिलाइनेछ।

२. गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने नीति लिइनेछ।

३. सार्वजनिक जग्गा र पक्की सडकका छेउछाउमा फलफुल र अन्य बिरुवा रोप्ने कार्य अभियानका रूपमा सञ्चालन गरिनेछ।

४. वन पैदावारबाट प्राप्त हुने रोयल्टीलाई कडाईका साथ लागू गरिनेछ।

**जल उत्पन्न प्रकोप नियन्त्रण:**

१. नगरपालिकामा बढी जोखिम तथा धनजनको क्षति हुनसक्ने संभाव्यताको अध्ययन गरी मानव बस्ती संरक्षणका लागि नदी नियन्त्रण र तटबन्ध मार्फत जल उत्पन्न प्रकोप व्यवस्थापनलाई संघीय सरकार, प्रदेश सरकार, राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थासँगको समन्वय र सहकार्यमा कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिइनेछ।

२. नदीजन्य पदार्थहरुको उत्खन्न गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलता समेतलाई आधार मानी नदीजन्य पदार्थको उपयोग गरिनेछ।

३. बाढी तथा पहिरो न्युनिकरणका लागि खाली ठाउँ तथा नदी किनारमा बायो इन्जिनियरिङ्ग प्रविधि अनुसार बृक्षारोपण गर्ने नीति अवलम्वन गरिनेछ।

४. नगरपालिकाको वन क्षेत्रभित्र रहेका वन तथा सिमसार क्षेत्र, पोखरी, पानीको मुहानको संरक्षणमा जोड दिइनेछ।

**विपद् व्यवस्थापन:**

१. विपद् व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण गरी नगरपालिकाबाट कार्यान्वयन र नियमन गरिनेछ।

२. विपद् पूर्व तयारी तथा प्रतिकार्य,पुनः स्थापना योजना, खोज तथा उद्धार, राहत सामग्रीको भण्डारण र वितरण कार्यको लागि विपद व्यवस्थापन समितिलाई थप क्रियाशील बनाईनेछ।

३. संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्र र राष्ट्रिय/अन्तरराष्ट्रिय गैर सरकारी संस्थासँगको सहयोग, समन्वय र सहकार्यमा विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण, विपद व्यवस्थापनमा जलवायु परिवर्तन, अनुकूलन तथा प्रकोप व्यवस्थापन कार्य गरिनेछ।

४. स्थानीय विपद् व्यवस्थापन समिति तथा अन्य विभिन्न कार्यदलका सदस्यहरुको क्षमता विकास गर्ने नीति लिइनेछ।

५. पालिका स्तरीय बहुप्रकोप जोखिम नक्साङ्कन गरिनेछ।

६. आपतकालिन कोष सञ्चालन कार्यविधि तयार गरिनेछ।

७. स्थानीय तथा वडास्तरका विपद् जोखिम समितिहरू मार्फत विपद् जोखिमका लागि आपतकालीन उद्दार तथा आपतकालीन तालिम सञ्चालन तथा आवश्यक सामग्रीहरूको व्यवस्था मिलाइनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन : ( सुशासनका लागि : पब्लिक अडिट)

१. स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेका विषयलाई आवश्यक समन्वय र सहकार्यका साथ कार्यान्वयनमा ल्याइनेछ।

२. नागरिकको निकटतम रही सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरूको काम कारवाहीलाई थप प्रभावकारी बनाउन जनशक्तिको क्षमता विकास, भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ।

३. बृन्दावन नगरबासीले नागरिकता प्रमाणपत्रका लागि सिफारिस लिँदा निःशूल्क र व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईँसराईँ) दर्ता गर्दा ६ महिना सम्मको अवधिलाई निःशूल्क गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

४. नगरपालिकाका जनप्रतिनिधिका लागि स्वदेश तथा विदेश र अन्तरपालिकास्तरीय अनुभव आदानप्रदान तथा असल अभ्यासको सिको गर्न अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।

५. कर्मचारीहरूका लागि स्वदेशी तथा विदेशी विषय क्षेत्रगत, सेवा कालिन, पुनर्ताजगी तालिम, अध्ययन अवलोकन भ्रमण तथा मनोसामाजिक माध्यमबाट क्षमता अभिवृद्धि गरी संस्थागत कार्यसम्पादन स्तरमा सुधार ल्याउन जोड दिइनेछ।

६. स्थानीय तहको संगठन विकास, जनशक्ति व्यवस्थापन लागि कानून बमोजिम स्थानीय तहको *संगठन तथा व्यवस्थापन सर्वेक्षण* गरी दरबन्दी निर्धारण सहित वृत्ति विकासको अवसर सृजना गरिनेछ।

७. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी,भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउदै नगरको विकासमा पुऱ्याएको योगदानको आधारमा कर्मचारीको कामको मूल्याङ्कन गरी थप सुविधा तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

८. कार्यालयको कार्य बोझलाई घटाउन तथा सेवा प्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन सूचना प्रविधिको प्रयोग बढाउँदै लगिनेछ।

९. लाभग्राहीको सेवा सुविधा, निर्माण व्यवसायी तथा आपूर्तिकर्ताको बील भुक्तानीको सहजीकरणको लागि EFT प्रणाली लागू गरिनेछ।

१०. खरिद प्रक्रियामा देखिएका समस्या समाधान गरी सार्वजनिक खरिदलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन जारी भएको स्थानीय सार्वजनिक खरिद नियमावली अनुसार खरिद प्रक्रियालाई व्यवस्थित गरिनेछ।

१२. विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरी प्रभावकारी नियमन गर्ने सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण नियमित रूपमा गरिनेछ।

१३. लामो समय देखि अस्थायी वा करारको रूपमा कार्यरत कर्मचारी (समायोजन/पदस्थापन भई आएका) लाई कार्यविधि बनाई स्थायी गर्ने प्रक्रिया अगाडि बढाइनेछ।

१४. नगर प्रहरी सम्बन्धी कार्यविधि अनुसार नगर प्रहरी भर्ना प्रक्रिया अगाडि बढाइनेछ।

१५. आगामी आ.व. २०८१।०८२ मा नगरपालिकाको आवधिक योजना निर्माण गरिनेछ। साथै मध्यमकालिन खर्च संरचना र डिजिटल वडा प्रोफाइललाई नमुनाको रूपमा लागू गरिनेछ।

**राजस्व परिचालन: (जनताको कर : विकासको आधार)**

१. नगरपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून,मापदण्ड समसामयिक बनाइनेछ।

२. सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने तथा आर्थिक क्रियाकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्द्धन गरिनेछ।

३. व्यवसायीहरूलाई करको दायरामा ल्याउन व्यवसाय दर्ता प्रक्रिया सहजीकरण गर्न व्यवसाय स्थलमा नै दर्ता गरी प्रमाणपत्र दिने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

४. नगरपालिकाको भरपर्दो आम्दानीको स्रोत आन्तरिक राजश्व नै हो। आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरूको ढुङ्गा,गिट्टी,बालुवाको उत्खनन्, संकलन, बिक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन तथा विद्यमान ऐन कानून बमोजिमका ठेक्का बन्दोबस्त गरी आन्तरिक राजश्व वृद्धि गर्दै लगिनेछ।

**बृन्दावन नगरपालिका भू-उपयोग नीति :**

१. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डीकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षणलाई सुनिश्चित गरिनेछ।

२. भूमीको उचित व्यवस्थापन तथा योजनाबद्ध बस्ती विकासका लागि नगर स्तरमा भूमापन गरी एकीकृत बस्ती विकास आयोजना सञ्चालन गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. स्थानीय उत्पादनको मूल्याङ्कन अभिबृद्धि (Value Add) गर्ने कामलाई थप प्रोत्साहित गरिनेछ।

**न्यायीक सम्बन्धी नीतिः-**

१. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको स्थानीय न्यायीक अधिकारलाई न्यायीक समिति मार्फत कार्यान्वयमा ल्याइनेछ।

२. नागरिक स्तरमा हुने सानातिना विवादहरू मेलमिलापको माद्यमबाट समाधान गर्ने प्रत्येक वडामा मेलमिलाप कर्ता र नगर स्तरमा मेलमिलाप समिति गठन गरी विवादको समाधान गर्दै लगिनेछ।

३. न्यायिक समिति र मेलमिलापकर्ताको क्षमता विकासमा जोड दिइनेछ।

४. न्यायीक समितिका पदाधिकारी र मेलमिलापकर्ताको अनुभव आदान प्रदानका लागि अन्तर पालिका भ्रमणको व्यवस्था मिलाइनेछ।

५. न्यायीक समितिबाट भएका क्रियाकलापहरूको सफ्टवेयर मार्फत व्यवस्थित अभिलेख राख्ने व्यवस्था मिलाइनेछ।

६. नगरपालिकाबाट निर्माण भएका ऐन, कानून, नियम, कार्यविधिको बारेमा प्रत्येक वडामा कानूनी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

## बजेट तर्फ (आय तथा व्ययको अनुमान)

**सभा अध्यक्ष ज्यू तथा आदरणीय महानुभावहरु,**

मैले आगामी आर्थिक वर्ष २०८१।०८२ को यस नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरेको छु, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तयारीको क्रममा व्यवस्थापिका-संसद र प्रदेश सभा, नगर सभाका सदस्यज्यूहरू, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रूपमा स्वीकार गरी वस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरू, गैर सरकारी संस्था एवम् सरोकारवालाहरूबाट प्राप्त परामर्शहरूलाई नगरपालिकाको उपलब्ध स्रोतले दिएको अधिकतम सीमामा रही समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरू समक्ष सविनय अनुरोध गर्दछु। यस सम्बन्धी विस्तृत नीति तथा कार्यक्रम र बजेटको विवरण बृन्दावन नगरपालिका विकास योजना पुस्तिकामा प्रकाशित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराउँछु।

अब म बृन्दावन नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि प्रस्तावित आय र व्ययको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

### आय तर्फ गरिएको अनुमान

नगरपालिकाको आगामी आर्थिक २०८१/०८२ का लागि तपसिल बमोजिमको अनुमानित आय विवरण प्रस्तुत गरेको छुः

**संघीय सरकार**

| | | | | |
|---|---|---|---|---|
| १.संघीय सरकार सशर्त (चालुगत) अनुदान तर्फ | = २० करोड | १ लाख | २९ हजार |
| २. संघीय सरकार सशर्त (पूँजीगत) अनुदान तर्फ | = २ करोड | ७५ लाख | |
| ३. संघीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ | = ११ करोड | ८० लाख | |
| ४. संघीय सरकार समपुरक अनुदान तर्फ | = १ करोड | | |
| ५. संघीय सरकार विशेष अनुदान तर्फ | = | ९० लाख | |
| ६. संघीय सरकार राजश्व बाँडफाँड तर्फ | = ११ करोड | ९५ लाख | |

**प्रदेश सरकार**

| | | | | |
|---|---|---|---|---|
| १. प्रदेश सरकार सशर्त अनुदान तर्फ | = | ९५ लाख | |
| २. प्रदेश सरकार वित्तीय समानीकरण अनुदान तर्फ | = | ८५ लाख | ५० हजार |
| ३. प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान तर्फ | = | ५५ लाख | |
| ४. प्रदेश सरकार समपुरक अनुदान तर्फ | = | २० लाख | |
| ५. प्रदेश सरकार विशेष अनुदान तर्फ | = | ३० लाख | |

**आन्तरिक स्रोत**

| | | | | |
|---|---|---|---|---|
| १. आन्तरिक राजश्व अनुमान तर्फ | = | ४ करोड | ३५ लाख | ५१ हजार |
| २. यस आ.व.बाट बाँकी रहन सक्ने (अल्या) रकम | = | ३ करोड | ५० लाख | |
| **अनुमानित आय तर्फको जम्मा रकम** | **=** | **५९ करोड** | **१२ लाख** | **३० हजार** |

**व्यय तर्फको अनुमान**

| | | | | |
|---|---|---|---|---|
| १.सामाजिक विकास तर्फ | = | २१ करोड | ८० लाख | ५३ हजार |
| २.आर्थिक विकास तर्फ | = | १ करोड | ६८ लाख | ४० हजार |
| ३.भौतिक पूर्वाधार विकास तर्फ | = | १६ करोड | ३९ लाख | |
| ४.वन,वातावरण तथा विपत व्यवस्थापन तर्फ | = | १ करोड | २५ लाख | |
| ५.संस्थागत विकास,सेवा प्रवाह र सुशासन तर्फ | = | १करोड | ८८ लाख | ३६ हजार |
| ६.कार्यालय संचालन तथा प्रशासनीक तर्फ | = | १० करोड | ११ लाख | १ हजार |
| ७.संघ,प्रदेश र विभिन्न निकायसँग साझेदारी तर्फ | = | २ करोड | ५० लाख | |
| ८.संघ तथा प्रदेश सरकारको फिर्ता गर्नु पर्ने रकम तर्फ | = | ३ करोड | ५० लाख | |
| **कुल जम्मा** | **=** | **५९ करोड** | **१२ लाख** | **३० हजार** |

साथै, आगामी आर्थिक वर्ष २०८१/०८२ मा चालु **तर्फ रू. ३७ करोड ९ लाख ९४ हजार (६२.७४ प्रतिशत)** र **पूँजीगत तर्फ रू. २२ करोड २ लाख ३६ हजार (३७.२६ प्रतिशत)** गरी **जम्मा रू. ५९ करोड १२ लाख ३० हजार** व्यय हुने अनुमान गरेको छु।

आगामी आर्थिक वर्ष २०८१/०८२ को योजना तथा कार्यक्रमगत बजेट विनियोजनको विस्तृत विवरण बृन्दावन नगरपालिकाको वार्षिक नगर विकास योजना **(Red Book)** पुस्तिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछु।

अन्य क्षेत्र तथा तहबाट प्राप्त हुने बजेट तथा कार्यक्रममा समन्वय तथा सहजीकरण गरिनेछ।

**अन्त्यमा,**

नगरको समृद्धि र विकासमा नगरपालिकालाई संघ, प्रदेश र विभिन्न क्षेत्रगत सरकारी तथा गैर सरकारी संस्थासँगको हातेमालो र नगरवासीको चासो, चिन्तन र सहभागिताले टेवा पुऱ्याएको हुन्छ। यसमा राजनैतिक तथा बौद्धिक बर्ग, विकासप्रेमी, समाजसेवी, सहकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी, नागरिक समाज समेतको साझा सहकार्य, सहयात्रा एवम् साझेदारी, समन्वय आवश्यक पर्दछ। यस तथ्य अनुरूप प्रस्तुत बजेटको कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरूलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई योगदान गर्नुहुन आग्रह गर्दछु।

यस नीति तथा कार्यक्रम र बजेट तर्जूमा कार्यमा सहयोग गर्नु हुने राजनीतिक दल, जनप्रतिनिधि, संघसंस्था, समाजसेवी, बुद्धिजीवि, निजी क्षेत्र, गैर सरकारी तथा नागरिक समाज तथा बृन्दावन नगरबासीहरुमा आभार प्रकट गर्न चाहन्छु । यस कार्यमा अहोरात्र खटिने नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी मित्रहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। यस नीति, कार्यक्रम तथा बजेट कार्यन्वयनमा सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गरेको छु। जय बृन्दावन ...

**धन्यवाद !**

**बिनोद प्रसाद कुर्मी**
**नगर प्रमुख**
बृन्दावन नगरपालिका, रौतहट
२०८१ आषाढ १०, सोमबार